सिदिङ्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
साब्लाखु, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

अध्यक्ष – ९८०७९२८५५५
उपाध्यक्ष - ९८५२६८११७१
प्र.प्र.अ. – ९८५२६६०१५३

प.स. ०७७/०७८
च.नं. १६०

मितिः २०७७।१२।२३

श्री सम्पुर्ण आधारभुत तथा माध्यमिक विद्यालयहरु
सिदिङ्वा गाउँपालिका,
ताप्लेजुङ।

**विषयः आधारभुत तह (कक्षा – ८ ) परिक्षा संचालन तथा व्यवस्थापन सम्बन्धमा।**

प्रस्तुत विषयमा मिति २०७७/१२/२३ गते सिदिङ्वा गाउँपालिका अध्यक्ष श्री नरबहादुर कडरीया ज्यू को अध्यक्षतामा र विभिन्न विद्यालयका प्र.अ. हरुको उपस्थितिमा आधारभुत तह ( कक्षा ८) को परीक्षा व्यवस्थापन सम्बन्धमा बसेको बैठकले विद्यार्थीहरुको शैक्षिक योग्यता र जन्मदर्तामा भएका विवरणहरुमा फरक पर्न गई विद्यार्थीको भविष्यमा पर्नजाने असरलाई न्युनिकरण गर्ने सम्बन्धमा देहाय बमोजिमको व्यवस्थापन गर्न निर्णय गरिएकोले यसै अनुसार गर्नु गराउँनुहुन अनुरोध छ।

- गाउँपालिकाले विद्यालयको एक जना शिक्षकलाई IEMIS तालिम प्रदान गर्ने
- कक्षा ८ को परीक्षा फारम भर्नुभन्दा अगाडि नै कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुको जन्मदर्ता, बाबुआमाको नागरिकता प्रमाणपत्र अनुसार IEMIS मा अपडेट गर्ने।
- विद्यालयहरुले कक्षा ८ को परीक्षा फारम भराउँदा विद्यार्थीहरुको जन्मदर्ता र बाबुआमाको नागरिकता अनुसार नै अनिवार्य रुपमा भर्न लगाउने।
- विद्यार्थीहरुले भरेको कक्षा ८ को परीक्षा फारममा विद्यार्थीहरुको जन्मदर्ता तथा बाबुआमाको नागरिकता प्रमाणपत्रको विवरणमा पर्न जाने फरक र सोको कारण विद्यार्थीलाई भविष्यमा पर्न जाने असरलाई मध्यनजर गर्दै प्रत्येक विद्यालयले एक जना शिक्षकलाई रुजु अधिकारिको रुपमा खटाउने।
- अबदेखि विद्यालयले विद्यार्थीको भर्ना गर्दा जन्मदर्ताको प्रतिलिपि राखेर मात्र भर्ना गराउने।
- विद्यालयले एक महिना भित्रमा सबै कक्षाका विद्यार्थीहरुको IEMIS अपडेट गर्ने।

....................................
विरेन्द्र सिग्देल
नि. प्रमुख प्रशासकीय अधिकृत

Website: www.sidingbamun.gov.np
email: sidingbarmtpj@gmail.com
www.facebook.com/sidingbamun